नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: सार्वजनिक शान्ति बिरुद्धको कसूर ।**

**मि.नं.-६४० दायर मितिः-२०८१/०३/२५**

**फैसला मितिः-२०८१/०३/२५**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **प्र.स.नि.अभिनन्दन कुशवाहा समेतको प्रतिवेदनले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा पटेर्वासुगौली गा.पा.वडा नं.४ बस्ने भिखम सहनीको छोरा बर्ष ४० को पुर्णवासी सहनी.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामाबाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामाबाधा पुर्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामाबाधा पुर्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामाबाधा पुर्याएकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका श्याम यादव समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।
६. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०३।०९ गते अ.२२:०० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.८ स्थित सडकमा एकजना व्यक्तिले हो-हल्ला गरी अशान्ती मच्चाई रहेको छ भन्ने सूचनाको आधारमा उक्त स्थानमा पुग्दा पुर्णवासी सहनीलाई फेला पारी सार्वजनिक सडकमा हो-हल्ला गरी अशान्ती मच्चाउनु हुँदैन भनी सम्झाउँदा निजले आवेशमा आई विभिन्न अश्लिल गाली गलौज गर्दै हातपातको प्रयास गरी कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी पुर्णवासी सहनीलाई कैद दिन १६ र जरिवाना रु.२०००/- अक्षरेपी दुई हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी पुर्णवासी सहनीलाई ठहरेको कैद दिन १६ को हकमा निज मिति २०८१/०३/०९ देखि २०८१/०३/२४ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.२०००/- असुल उपर गर्नु-----१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**दिनेश सागर भुसाल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असार महिना २५ गते मंगलवार रोज ३/ ने.सं. ११४४ दिल्लाथ्व तृतिया, शुभम् ........